मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप, प्रदेश नं.३

# उद्यम छनौट सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६।०२।०८**

मन्थली नगरपालिकाको निर्णय अनुसार यस कार्यालयबाट आ.व. २०७५/०७६ का लागि युवा उद्यम कार्यक्रम सञ्चालन गर्न उद्यम छनौट तथा सम्झौता गराउनु पर्ने भएको हुँदा इच्छुक युवा समूह निर्माण गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही व्यवसायिक योजनाको ढाँचा र युवा उद्यमको लागि दिईने निवेदनको ढाँचाको आवेदन फाराम नगर कार्यपालिकाको कार्यालय, मन्थलीबाट प्राप्त गरी रित पुर्वक आवश्यक कागजात सहित पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | सूचना नं. | सूचना विवरण | सम्झौता हुने जम्मा रकम | सम्झौता हुने उद्यम संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/युवा/ २०७५-७६ | मन्थली नगरक्षेत्रभित्र स्थायी बसोबास गर्ने युवा उद्यमीहरु बाट युवा उद्यम व्यवसायिक योजना पेश गर्ने | १५,००,०००।- (ऋण बिना व्याज) | ३ (तीन) प्रत्येक उद्यमका लागि ५,००,००० का दरले | |

**शर्तहरु :**

१. १६ (सोह्र) वर्ष पुरा भई ४० (चालिस) वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने,
२. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजायँ नपाएको,
३. सरकारी चल अचल सम्पतिको दुरुपयोग नगरेको,
४. कम्तीमा आधारभुत तहको (कक्षा ८ उर्तिण) शिक्षा हाँसिल गरेको,
५. युवा समूह ५ देखि १० जनाको हुनु पर्नेछ,
६. बेरोजगार युवा हुनु पर्ने,
७. कम्तीमा ५० प्रतिशत युवा महिला हुनु पर्ने,
८. सिमान्तकृत तथा उद्यमी युवाहरु हुनु पर्नेछ,
९. मेडपा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, व्यावसायिक सीप विकास तालिम केन्द्र आदि जस्ता उद्यम सम्बन्धी तालिम प्रदान गर्ने संस्थाबाट तालिम प्राप्त गरेका युवालाई विशेष प्राथमिकता दिइनेछ,
१०. युवा समूह प्रचलित कानुन बमोजिम दर्ता भई नियमानसार नविकरण भएको,
११. नगरपालिका बाट उपलब्ध गराईएको युवा उद्यमको लागि दिइने निवेदनको ढाँचामा निवेदन पेश गर्नु पर्ने, साथै नगरपालिका बाट उपलब्ध गराईएको व्यवसायिक योजनाको ढाँचामा युवा उद्यम कार्यक्रम पेश गर्नु पर्नेछ,
१२. कालो सूचीमा नपरेको,
१३. मगज नविग्रेको,
१४. कुनै विषयमा दुविधा भएमा सो को अन्तिम निर्णय नगरपालिका कार्यालयको हुनेछ ।

**मन्थली नगरपालिका**

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप नं. प्रदेश नेपाल

O/C